# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## विज्ञहरुको रोस्टरमा सूचीकृत हुने सम्बन्धी

## सूचना

नेपालको संविधानको धारा २५० बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको स्थापना भएको छ । संविधानको धारा २५१, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले यस आयोगका काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ ।आयोगका संवैधानिक तथा कानुनी व्यवस्थाको कार्यान्वयन गर्न आवश्यक नीतिगत व्यवस्था, वित्तीय स्रोत बाँडफाँटको आधार र ढाँचा निर्माण गर्ने कार्य यस आयोगबाट भईरहेको छ । आयोगको कामलाई वस्तुनिष्ठ, वैज्ञानिक र सर्व स्वीकार्य बनाउन आयोगले आफ्ना कामहरुमा विज्ञहरुको सुझाव, सल्लाह तथा सहयोगको ठूलो महत्व राख्दछ । आयोगलाई प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट, स्रोत परिचालनमा तीन तहका सरकारहरुको लगानी र प्रतिफल वितरणको आधार र ढाँचा निर्माण लगायतका वित्तीय संघीयताका विविध प्रक्षमा राय, सल्लाह, सुझाव, विशेषज्ञ सेवा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संस्थाहरुको रोष्टर बनाउने प्रयोजनका लागि तपसिलका क्षेत्रको शैक्षिक योग्यता , अनुभव तथा विशेषज्ञता हासिल गर्नु भएका व्यक्ति तथा संस्थाहरुलाई आफ्नो वायोडाटा तथा अन्य विवरण सहित स्वयं उपस्थित भई वा अन्य व्यक्ति मार्फत वा पत्राचारको माध्यमबाट वा आयोगको ईमेल ठेगाना info@nnrfc.gov.np मा उपलब्ध गराईदिनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

1) वित्तीय संघीयता र अन्तरसरकारी वित्त हस्तान्तरण
2) संघीय प्रणाली अनुसारको कर व्यवस्था
3) समष्टिगत आर्थिक स्थायित्वको विश्लेषण लगायत अर्थतन्त्रका विषयहरु
4) सार्वजनिक ऋण
5) वित्तीय बजार
6) स्थानीय कर
7) सार्वजनिक सेवा लागत विश्लेषण तथा खर्चको आवश्यकताको विश्लेषण
8) पूँजी तथा वित्तीय बजारको विश्लेषण
9) स्रोत बाँडफाँटमा विभिन्न तहका सरकारहरुबीचको विवाद र समाधान
10) वित्तीय सू-शासन
11) स्थानीय शासन

12) प्राकृतिक स्रोत परिचालनमा लगानी र प्रतिफल वितरण

13) प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट

14) प्राकृतिक स्रोतको बाँडफाँट र उपयोगमा विभिन्न तहका सरकारहरुबीचको विवाद र समाधानका उपायहरु

यस सम्वन्धी थप जानकारी आवश्यक परेमा यस आयोगमा स्वयं उपस्थित भई वा आयोगको टेलिफोन नं. ०१-४२००८७३ मा सम्पर्क गर्नुहुन अनुरोध गरिएको छ ।